FRIENDS FOR PEACE

International Alert.

सामुदायिक सुरक्षा बिषयमा पूर्बी तराईका युवाहरूको आवाज

मोरङ्ग र सुनसरीमा भएका छलफलहरूको एक झलक

इन्टरनेशनल एलर्ट तथा शान्तिका लागि सहकार्य
कात्तिक २०६४

सामुदायिक सुरक्षा बिषयमा पूर्बी तराईका युवाहरूको आवाज

मोरङ्ग र सुनसरीमा भएका छलफलहरूको एक झलक

इन्टरनेशनल एलर्ट तथा शान्तिका लागि सहकार्य
कात्तिक २०६४

परिचय

युवाहरूले नेपालको जनसंख्याको ३०% भाग ओगटेको भए पनि छलफल र नीति निर्णय प्रकियामा उनीहरूलाई प्राय समावेश गरिएको छैन । यसको परिणामस्वरूप सरकारले विविध युवा समुदायका आवश्यकता र अनुभवहरूलाई न मान्यता दिएको छ न त उनीहरूका विचार र भावनाहरू नीति निर्माणमा प्रतिबिम्बित भएका छन् । दशवर्ष लामो द्वन्द्वले नेपालका युवाहरूलाई गहिरो प्रभाव पारेको छ । वेरोजगारी बढेको छ र आधारभूत आवशयकता परिपूर्ति गर्ने राज्यको क्षमतामा ह्रास आएको छ । शिक्षा र आर्थिक अवसरको अभावमा युवाहरू दिग्भ्रमित, निराश र कुद्ध बनेका छन् ।

तराईका खासगरी मोरङ्ग र सुनसरीका युवाहरूले यसपाली द्वन्द्वको गति र प्रभावका बारेमा अनुभव आदान प्रदान गरेका छन् । द्वन्द्व जारी रहेका कारण उनीहरूले शान्तिको प्रतिफल चाख्न पाएका छैनन् र द्वन्द्व जनित कुण्ठाको शिकार बन्न बाध्य भएका छन् । ती दिग्भ्रमित युवाहरू नै उदीयमान उग्रबादी समुहहरूका लागि भर्तीको स्रोतभूमि बनेका छन् । शान्तिपूर्ण तरिकाले आफ्नो आवाज नुसुनीए पछि अल्पमत जातीय समुहका युवाहरू हिंसात्मक विरोधको सहारा लिंदै छन् ।

यस परियोजनाको लक्ष पूर्वीतराईका विभिन्न क्षेत्रका युवाहरूका सुरक्षा संबन्धी आवश्यकता र परिप्रेक्ष सम्बन्धी आवाजहरूलाई सबलीकरण गरी उनीहरूलाई सम्वादको मञ्च प्रदान गर्न र खासगरी राष्ट्रिय शान्ति प्रकियामा सम्मिलित हुन उनीहरूलाई सहयोग गर्नु रहेको छ ।

○ यस सारपत्रको उद्देश्य

यस सारपत्रको उद्देश्य सुनसरी र मोरङ्गमा २५ सेप्टेम्बर देखि ५ नोभेम्वर २०६४ [१] सम्म भएको छलफल र सम्वादको क्रममा ती जिल्लाका युवाहरूले उठाएका सामुदायिक सुरक्षा सम्बन्धी चासो र सवालहरूको सारसंग्रह गर्नु रहेको छ । यस परियोजनामा "स्वयंसेवी सञ्चालक समितिका सदस्यहरू"ले सक्रिय र सुझबझपूर्ण सरोकारवालाहरूको हैसियतले जिल्लाको प्रतिनिधित्व गर्नमा र परियोजनालाई अगाडि बढाउनमा सक्रिय भूमिका निभाएका छन् । ग्रामिण युवाहरूले सामना गरिरहेका सवालहरूलाई बुझ्नका लागि स्थानीय तहमा अन्तरक्रियाहरू पनि आयोजना गरिए ।

---

[१] यसमा सुनसरिका सतरझोरा र औराबानी गा. वि. स, इनरुवा र इटहरि नगरपालिका तथा मोरङ्गका रङ्गेलि, अमर दह र डाइनिया गा. वि. स तथा बिराटनगर नगरपालिका पर्छन्।

यो सारपत्र उद्देश्या अर्को चरणमा आयोजना हुन गई रहेको क्षेत्रीय अन्तरक्रियामा छलफलका विषयवस्तु प्रस्तुत गर्नु पनि हो । यो अन्तरक्रियामा कसरी प्रमुख सामुदायिक सुरक्षा सम्बन्धी सवालमा सहमती जुटाउँन स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय तहमा ती समस्याहरूको समाधान गर्न सकिन्छ भन्ने उद्देश्यले सामुदायिक सुरक्षाबारे विचारहरू साटसाट गर्न जिल्लाहरूबाट युवाहरूलाई आमन्त्रण पनि गरिने छ । यस पत्रमा सर्वप्रथम उपरोक्त दुई जिल्लाहरूमा युवाहरूलाई प्रभावपार्ने सामुदायिक सुरक्षा सम्बन्धी सवालहरूको चर्चा गरिने छ र त्यसपछि उत्तरदाताहरू कसरी वर्तमान असुरक्षाको परिस्थितिलाई बदल्न सकिन्छ भन्ने ठान्दछन् भन्ने कुरा बुझ्ने तर्फ अघि बढिनेछ ।

संक्षिप्त निष्कर्ष : प्रमुख सवालहरू

परियोजना लागु हुँदै गरेका दुइ जिल्लाहरूमा युवाहरूलाई प्रभावित पारेका सवालहरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ । पहिलो, प्राय भौतिक चरित्रका तत्कालिक र अल्पकालिन सुरक्षास्रबन्धी जोखिमहरू । दोश्रो, दीर्घकालिन ँशान्तिका व्यवधानहरू' हुन् जसमा यी क्षेत्रमा असुरक्षाको तहलाई कायमराख्ने र त्यसलाई अझ विगार्ने कुराहरू समावेश छन् ।

१. युवाहरूको सुरक्षामाथि को खतरा

सशस्त्र समुहहरू, अपराधी गुटहरू र ँतीन म'धरै युवाहरूको चासो र चिन्ता भनेको सशस्त्र समुहरू र अपराधिक समुहहरूले पैदा गरेको बढ्दो असुरक्षा हो । सहभागीहरूका विचारमा 'अपराधीहरू' र अहिले तराईमा क्रियाशील स्वयत्तता वा विखण्डनका लागि लडिरहेका हतियारधारी समुहलाई छुट्याउन कठीन छ । ती फुट्तै बन्दै गरेका समुहहरूको स्पष्ट राजनीतिक विचारधारा अथवा जनादेश नभएको र भारतका केही नेताहरूको नियन्त्रणमा सञ्चालित र आर्थिक कारणले प्रेरित भएको पाईयो ।

> *"सामुदायिक सुरक्षास्थिति पहाडीहरूको लागिमात्र होइन सबैको लागि खराब छ । अपराधीहरू र सशस्त्र समुहहरूले मधेसी र पहाडेहरूको बीचमा भेद गर्दैनन् - जोसित पैसा छ त्यसलाई उनीहरू लुट्छन् ।"*

राजमार्ग दक्षिणमा लुटपाट सामान्य भएको वर्तमान अवस्थामा मोटरबाईक, मुद्रा र मोबाइल (तीन म) ती गुटहरूका मनपर्ने वस्तु हुन् । धेरै जसो उत्तरदाताहरूले अहिलेको तराईको अवस्थालाई दशबर्ष लामो माओबादी द्वन्द्वसित तुलाना गरे । फरक यति हो कि माओबादीहरू विचारधारा र राजनीतिक जनादेशबाट नियन्त्रित थिए भने तराईका लडाकु समुहहरू अनियन्त्रित छन् र "कुरै नसुनी मार्दछन् । "

- **खुला सीमाना सशस्त्र र अपराधी गुटहरूको शरणस्थल**

सबै भन्दा दक्षिण सीमानामा अवस्थित गाउँका युवाहरूको खास चासो भारतीय सीमाको अत्यन्त नजिक भएको कुरामा थियो । गैर सरकारी संस्थासित सम्बद्ध युवाहरूले अपराधका घटनाहरूको बृद्धिसितै ती क्षेत्रहरूमा सामुदायिक एकता र सौहाद्रतामा ह्रास आईरहेको विचार व्यक्त गरे । अध्ययनको कममा बढदो असुरक्षाको कारण वर्तमान समयको दण्डहीनता भएको कुरामा एकमत थियो । अपराधीहरू एउटा देशमा अपराध गरेर सीमा पारी गई सुरक्षित हुने हुँदा अपराधी र सशस्त्र समुहहरूको विस्तारमा पनि मदत पुगेको महसुश गरियो ।

> *" तपाइँ जति नजिक पुग्नु हुन्छ तपाइँ त्यति असुरक्षित हुनुहुन्छ दष्णिका गाविसअरूान अराजकता छाएको छ ।"*

- **युवाहरू राजनीतिक दलका प्यादा**

युवाहरूको बीचमा राजनीतिक दलहरूले उनीहरूलाई रोजगारी, सुरक्षा, सशक्तिकरण प्रदान गर्नुका साथै उनीहरूका आवाजहरूको सुन्वाई गरिने आश्वासन दिएर उनीहरूको दुरूपयोग भइरहेको कुरामा समान चिन्ता रहेको पाइयो । धेरै युवाहरूमा राजनीतिक दलमा सामेल भएर मात्र आफ्ना चासो हरूको सम्बोधन गर्न र वर्तमान यथास्थितिको अन्त्य गर्न सकिने विश्वास रहेको पाइयो । तर दलहरूका आश्वासनहरू प्राय पूरा गर्न नगरिएको र युवाहरूलाई बन्द लागु गराउँन, उनुयाईहरूको भर्ती गर्न र प्रतिद्वन्द्वी दलहरूका गतिविधिहरूलाई विथोल्न 'अगृम मोर्चामा' प्रयोग गरेको पाइयो । सहभागीहरूका अनुसार अशान्ति मच्चिएको समयमा आन्दोलनको अगुवाई गरिरहेको कारणले गर्दा तराइका युवायुवतीहरू विशेषरूपले आक्रमणको निशाना भएका थिए ।

> *" राजनीतिक दलहरूले युवाहरूलाई हतियारको रूपमा प्रयोग गर्छनक."*

- **जातीय स्वायत्तताका लागि उठीरहेका प्रतिस्पर्धी मागहरूले नेपालको पूर्ण विखण्डन गर्न सक्छ**

धेरै उत्तरदाताहरूको विचारमा पहिले समुदायहरू माओबादी र सरकारी सुरक्षा सेनाको चपेटोमा रहन बाध्य थिए भने अहिले धेरै प्रतिस्पर्धी गुटहरू पैदा भएका छन् । स्वयत्तता र राजनीतिक मान्यताका लागि संघर्ष गरिरहेका गुटहरूका कारण नेपाल "टुक्र टुकामा विखण्डन हन" सक्छ । दुबै जिल्लाका युवाहरूले पूर्व पश्चिम राजमार्गलाई संघर्षरत समुहहरूको लागि विभाजन रेखा भएको कुरा औंल्याए । राजमार्गको दक्षिण पट्टि मधेसी गुटहरूको प्रभुत्व छ भने उत्तर पट्टि लिम्बुआन

> *"शक्ति र स्वायत्तताको माग गर्दै यति धेरै जातीय आवाजहरू उठी रहेका छन कि नेपालमा सन्तुलित परिस्थितिको कल्पना गर्न कठीन छ ।."*

आन्दोलनको बर्चस्व रहेको छ । सामान्य विश्वास अनुसार राजमार्ग युद्ध रेखा भएको कारण त्यहाँ कसैको पनि नियन्त्रण रहेको छैन ।

- **सम्भावित खतरा र असुरक्षाको तत्कालिक कारण**

युवाहरूको लागि महत्वपूर्ण कुरा र उनीहरूको सुरक्षामा देखिएको तत्कालिन खतरा परिस्थिति अझै बढी विग्न सक्छ भन्ने रहेको पाइयो । नवलपरासीमा हालै भएका दंगाले धेरैमा सुनसरी र मोरङ्ग मा पनि त्यस्तै घटना घट्ने हो कि भन्ने त्रास रहेका र मोरङ्ग चाँही झन भविष्यमा हुने त्यस्तो घटनाको केन्द्र हुने हो कि भन्ने भय रहेको पाइयो । प्रश्न सोधिएका थोरै युवाहरूमा मात्र जिल्ला प्रशासन र प्रहरीमा यस्तो प्रकारको हिंसा रोक्ने र हिंसा भट्केकोबेला जनधनको सुरक्षा गर्ने क्षमता छ भन्ने कुरामा विश्वास रहेको पाइयो ।

> *" कपिलवस्तुको दंगाका देखेर र सुनेर हामी आतङ्कित भएका छौं । हामी ईश्वरसित त्यस्तो घटना फेरि नदोहोरियोस भनेर प्रार्थना गर्दछौं किनभने हामी नै अर्को शिकार हुन सक्छौं "*

२. शान्तिको लागि व्यवधान

- **नीति निर्माण प्रक्रियाबाट युवाहरू लगायत सीमान्त समुदायको बहिर्करण तराईमा जारी हिंसा पछाडि रहेको मुख्य कारण**

यो परियोजनाको शुरुवातमा हामी सित छलफलमा भागलिने युवाहरूका लागि स्वतन्त्रता र त्यसको अभाव आफ्नो आवाज सुनाउँन सकिने मञ्चमा उनीहरूको पहुँच छ कि छैन भन्ने कुरामा निहित रहेको पाइयो । युवाहरूको विचारमा नेपाली समाजको विभेधकारी चरित्र र यसभित्र, खासगरी ग्रामिण समुदायभित्र, पुस्तागत बरिष्ठताको धारणालाई कडाईसित लागु गरिएको कारण सामुदायिक निर्णय प्रक्रियामा उनीहरूको कुरा सुनिदैन । तराईमा हिंसात्मक समुहहरूको विस्तारले समस्यालाई अझ जटील बनाएको छ । यसले गर्दा युवाहरू आफैं शिकार होइने हो कि भन्ने त्रासले गर्दा आफ्ना समकक्षीहरूले गरिरहेका अपराध र हिंसाका बढ्दा घटनाहरूप्रति मौन रहन चाहन्छन् । मधिसे समुदायका महिला सहभागीहरूले निर्णय प्रक्रियाबाट उनीहरूलाई किनारा लाईएको अथवा सुरक्षाको सार्वजनिक सन्यन्त्रमा उनीहरूको पहुँच नभएको कुरालाई आफ्नो सुरक्षाको सबै भन्दा ठुलो बाधा भएको कुरा व्यक्त गरे ।

○ सरकार र राजनीतिक दलहरू युवाहरूका सवालहरू सम्बोधन गर्न असफल

युवाहरूका सवालहरूको सम्बोधन अथवा पहिचान समेत गर्न असफल भएकोमा सरकार र राजनीतिक दलहरू युवाहरूद्वारा आलोचित भए । सरकार र दलहरू कसैको पनि युवाहरूबारेको स्पष्ट 'दृष्टि' नभएको नभएको महसुश गरियो । राजनीतिक दलहरूले युवाहरूलाई रचनात्मक भूमिका नदिएर उनीहरूलाई स्थानीय तहमा आफ्नो प्रभाव विस्तार गर्न प्यादाकोरुपमा प्रयोग गरिरहेको महशुस युवाहरूले गरेको पाइयो । धेरै जसोमा स्थानीय तथा राष्ट्रिय राजनीतिक नेताहरूप्रति वितृष्णा रहेको पाइयो । यसको कारण चुनाव जित्ने वित्तिकै स्थानीय नेताहरू काठमाण्डौमा बेपत्ता हुने र राष्ट्रिय नेताहरूले आफ्ना वचनहरूलाई कार्यमा परिवर्तन नगर्नु रहेको पाइयो । युवाहरूकोबीचमा राष्ट्रिय तहको शान्ति प्रक्रियामा काठमाण्डौ बाहिरका जनताका आवाजलाई नसुनिएको र त्यसले गर्दा स्थानीय तहमा हुने द्वन्द्वका मूल कारणहरूको सम्बोधन नभएको साझा दृष्टिकोण रहेको पाइयो । उदाहरणका लागि राजनीतिक दलहरूले जातीय बहिष्करणका सवालहरू सम्बोधन गर्न नसकेको कारण जातीय स्वशासनको माग गर्दै तराइमा विभिन्न समुहहरूको जन्म भइरहेको र यसले यी क्षेत्रहरूमा असुरक्षा बढाएको हो भन्ने विचार अधिकांस युवाहरूमा रहेको पाइयो ।

○ सरकारले आधारमूत सेवाहरू प्रदान गर्न नसहेको कारण युवाहरू हिसात्मक झनझन बढी द्वन्द्वको जोखिममा परेका छन्

स्थानीय तहमा सरकारले आधारभूत सेवाहरू समेत प्रदान गर्न नसकेकोमा धेरै युवाहरू निरास भएको पाइयो । गाविस तहका उत्तरदाताहरूले गाउँमा सडक, विजुली, सिचाइ प्रणाली र प्रभावकारी शिक्षा सुविधाहरू नभएको कुराले असुरक्षाको अवस्थालाई टिकाई राखेको विचार व्यक्त गरे । गाविस तहमा शिक्षाको अवसरको अभावका कारण नै युवाहरूले राजनीतिक दलहरू, अपराधी तथा सशस्त्र समुहहरूमा भर्ती हुनु परेको र उनीहरूको शोषणको शिकार हुनु परेको कुरा महशुस गरियो । शैक्षिक अवसरको अभाव र यसबाट उत्पन्न हुने जोखिम नै कम उमेरका महिलाहरू नेपाल र भारतका शहरहरू र त्यो भन्दा पनि टाढा बेचविखनमा पर्ने कुराको लागि मुख्य तत्व भएको महशुस गरियो ।

○ जातीय, राजनीतिक र धार्मिक गुटबन्दीले साझा युवा पहिचानलाई ओझेलमा पारेको छ

मोरङ्ग र सुनसरीका युवाहरूको मुख्य चासो समुदायको जातीय, राजनीतिक र धार्मिक विभाजनप्रति रहेको पाइयो । धेरै उत्तरदाताहरूले जातीयता भित्रै पनि मधेसको

> *" नेपाल धेरै जात र संस्कृति भएको देश हो तर राजनीतिज्ञहरूले यो पहिचानलाई द्वन्द्व विस्तार गर्ने माध्यमकारुपमा प्रयोग गरेका छन् ।"*

स्वायत्तताको पक्ष र विपक्षमा राजनीतिक विभाजन देखापरिरहेको कुरातर्फ ध्यान आकृष्ठ गरेका थिए । युवाहरूबीचमैं पनि बिभाजन गहिरिदै गएको र त्यसको परिणामस्वरुप उनीहरूको आवाजमा एकरुपताको अभावको देखिंदै गएको कारण वर्तमान यथास्थितिलाई परिवर्तन गर्नका निम्ति आवाज उठाउने युवाहरूको क्षमतामा ह्रास आएको महशुस गरियो ।

- **पूर्वी तराईका युवाहरूको विचारमा शिक्षा र रोजगार लगायतका अवसरहरूमा पहुँचको अभाव धेरै युवाहरूले अपराधिक गुट र सशस्त्र समुहमा भर्तीहुने मुख्य कारण हो ।**

छलपलको पूरा अवधीभरी युवाहरूले अवसरमा पहुँचको अभावले नै असुरक्षाको जोखिम बढाएको कुराप्रति ध्याल आकृष्ट गरे ।

> *" जिल्लाको अर्थतन्त्र विग्री रहेको छ । युवाहरू व्यवशाय र उद्यम प्रति चाख राख्तैनन् । यस्को साटो उनीहरू रोजगारीका लागि विदेश जान चाहन्छन् ।"*

पूर्वी तराईका युवाहरूको निराशाको मुख्य कारण शिक्षा र शीपमूलक तालिम कार्यक्रममा उनीहरूको पहुँच नहुनु रहेको पाइयो । धेरै उत्तरदाताहरूले शिक्षाको अवसर भएका ठाउँमा पनि रोजगारीका अवसरहरू सिर्जना नहुँदा धेरै स्नातक र स्नातकोत्तर पास गरेकाहरू पनि वेरोजगार रहेको तथ्यप्रति ध्यान आकृष्ठ गरेका थिए । तराईमा चलिरहेको द्वन्द्वले गर्दा यहाँको अर्थतन्त्रले कहिलेकाहीं महिनामा पन्ध्र दिन सम्म चल्ने अविरल बन्दको विरुद्ध जुध्नु पर्ने भएकु कारण अवसरहरू झन-झन घट्तै गएको तथ्य प्रति निराशा व्यक्त गरे । यस्तो अवस्थामा धेरै युवा-युवतीहरूका लगि जीविका आर्जन गर्न भारत अथवा समुद्रपारीका देशहरूतिर जानु बाहेक कुनै विकल्प नभएको कुरा सहभागीहरूले व्यक्त गरे ।

> *"खाली दिमाग शैतानको घर" भन्ने उखानलाई यो क्षेत्रका युवाहरूको बेरोजगारीको अवस्थाले राम्रोसित दर्शाएको पाइन्छ जसको संख्या निरन्तर बढीरहेको छ । उनीहरूलाई अरू समुहहरूले सजिलै शोषण गर्दछन् ।"*

३. शान्तिका प्राथमिकताहरू र सम्भावित कार्य क्षेत्रहरू

चालु परियोजनाको प्रारम्भिक प्राथमिकता नभए पनि धेरै सहभागीहरूले वर्तमान यथास्थितिलाई कसरी परिवर्तन गर्न सकिन्छ भन्ने बिषयमा आफ्ना विचारहरू व्यक्त गरे । तल दिईएको वृत्त चित्रले ती विचारहरूलाई दर्शाएको छ र क्रियाकलापका रूपमा तिनीहरूलाई स्थानीय, क्षेत्रीय र राष्ट्रिय तहमा कसरी कार्यान्वयन गर्न सकिन्छ भन्नेकुरा देखाएको छ । यसको उद्देश्य स्थानीय तहका युवा केन्दित क्रियाकलापहरूलाई कसरी शान्ति प्रक्रियामा युवा परिपेक्षलाई सवल पार्न राष्ट्रिय तहका क्रियाकलापहरूसित जोड्न सकिन्छ भन्नेबारे विचार मन्थन शुरू गर्नु रहेको छ ।



आगामी कदमहरू

- परियोजनाको प्रारम्भिक चरणमा उठाइएका मुख्य–मुख्य सवालहरूबारे आम सहमति प्राप्त गर्न र क्षेत्रीय र राष्ट्रिय तहमा ती सवालहरूको विषयमा कसरी प्रभावकारी ढंगले सजगता जगाउँन युवाहरूलाई कसरी क्रियाशील गर्न सकिन्छ भन्नेबारे अध्ययन गर्न पूर्वी तराईमा एउटा क्षेत्रीय सम्मेलनको आयोजना गरिने छ ।

- पूर्वी तरार्यका युवहरूले सामना गरिरहेका खास–खास सवालहरूबारे दाताहरू र नीति निर्माताहरूलाई सूचित गर्न क्षेत्रीय र स्थानीय तहमा प्राप्त ज्ञानलाई उपयोग गर्दै एउटा सूचना पुस्तिका (briefing paper) प्रकाशन गरिने छ ।

- आगामी जनवरीमा काठमाण्डौमा एउटा राष्ट्रिय कार्यशालाको आयोजन गर्ने योजना छ । त्युसको उद्देश्य पूर्वी तराईका युवाहरूका सवालबारे सजगता पैदा गर्ने रहेको छ । यसमा नीति निर्माताहरू, दाता समुदाय, सम्बन्धित सरोकारवालाहरू तथा काठमाण्डौका युवाहरूले भाग लिने छन् । उनीहरूलाई आमन्त्रण गर्नुको उद्देश्य राष्ट्रियरुपमा युवाहरूका क्रियाकलापहरूबारे आफ्ना अनुभवहरू साटासाट गर्नु रहेको छ । परियोजना कार्यान्वयन गरिएका जिल्लाका सञ्चालक समितिहरूले जिल्लाका निष्कर्षहरू प्रस्तुत गर्नेछन् ।

- पूर्वी तराईको सामुदायिक सुरक्षा सवालहरूबारे ज्यादा भन्दा ज्यादा सजगता पैदा गर्नका लागि एफ़ एम., पत्र–पत्रिका र टेलिभिजनको माध्यमद्वारा राष्ट्रव्यापी रूपमा समाचार प्रसारण र प्रकाशन गरिने छ ।

- त्यो सम्मेलनले अन्त्यमा एउटा 'कार्ययोजना' तयार गर्ने छ जसमा यो परियोजनाका मुख्य निष्कर्षहरू समावेश हुनेछन् । यस 'कार्ययोजना'ले युवा सञ्चालन समिति र अरू सरोकारवालाहरूलाई स्थानीय, जिल्ला र क्षेत्रीय तहमा परिवर्तनका लागि पैरवी गर्ने एउटा औजार प्रदान गर्ने छ .

अनुसूची

संस्थाहरुको परिचयः

शान्तिका लागि सहकार्य

राष्ट्रिय गैससका रूपमा स्थापित शान्तिका लागि सहकार्य २००४ को मार्च महिनादखि नेपालमा कार्यरत छ । यो संस्था भविष्यमा हुने शान्तिवार्ता र व्यापक शान्ति प्रक्रियामा योगदान पुऱ्याउनका लागि भएका द्वन्द्वरूपान्तरण र शान्ति स्थापना सम्बन्धी अनुसन्धान कार्यलाई सहज बनाउने उद्देश्यले स्थापना भएको थियो । यो संस्था नेपालको द्वन्द्वसित सम्बन्धित खास खास सवालहरूमा राष्ट्रिय र अन्तराष्ट्रिय विशेषज्ञहरूसित मिलेर काम गर्छ, शान्ति प्रक्रियासित सम्बन्धित विषयहरूमा अन्तराष्ट्रिय अनुभवहरूको आदान प्रदान गर्न कार्यशालाहरू आयोजना गर्दछ र द्वन्द्वसित सम्बन्धित विविध सवालहरूमा सहयोग पुऱ्याउने एउटा अगुवा स्रोतकेन्द्रकारूपमा विकसित हुने प्रयास गरिरहेको छ । यसक्रममा यो संस्थाले नेपाली अनुसन्धानकर्ताहरू र नीति निर्माणकर्ताहरूको क्षमताबृद्धि गर्नका लागि द्वन्द्वरूपान्तरणका उपाय पत्ता लागाउँने र तीनलाई संप्रेषण गर्ने रणनीतिहरू विकास गर्ने प्रयत्न गर्दछ । तराइ लगायत नेपालका विभिन्न ठाउँमा काम गरिसकेको हुनाले शान्तिकालागि सहकार्यसंग यस्तो कार्य गर्ने प्रशस्त अनुभव रहेको छ । मोरङ्ग, मकवानपुर र कैलालीमा हालै सम्पन्न गरिएको सामुदायिक सुरक्षासित सम्बन्धित परियोजना नै त्यो आधार हो जस्मा भर परेर प्रस्तावित परियोजनाले युवाहरूका फरक समझदारी, उनीहरूका प्रतिक्रियाहरू, बहुआयामिक आवश्यकता र सामुदायिक सुरक्षाबारेका उनीहरूका अवधारणाहरूबारेको समझदारीलाई अझ गहिरो बनाउँने लक्ष राखेको छ ।

इन्टरनेशनल एलर्ट

१९८७ मा स्थापित इन्टरनेशनल एलर्ट विश्वभरीका २० वटा भन्दा बढी देशहरूमा कार्यरत शान्ति निर्माणसित सम्बन्धित स्वतन्त्र संगठन हो । नेपालमा २००२ देखि इन्टरनेशनल एलर्ट कार्यरत छ । यस संस्थाको नेपाल कार्यालयमा तीनजना राष्ट्रिय कर्मचारीहरू, एकजना विदेशी प्रशिक्षार्थी र एकजना विदेशी राष्ट्रिय निर्देशक रहेका छन् । नेपालमा इन्टरनेशनल एलर्टको मुख्यकाम स्थानीय स्वामित्व भएको र दीगो शान्ति प्रक्रियाको विकास गर्नु हो जसले द्वन्द्व पैदागर्ने र त्यसलाई भड्काउने तत्वहरूलाई नियन्त्रण गर्न राष्ट्रिय र अन्तराष्ट्रिय सरोकारहरूकाबीचमा

सहकार्य गराउन सकोस । यो लक्ष हासिल गर्नका लागि हामीले निम्न रणनीतिक लक्ष लिएका छौं :

१. अन्तराष्ट्रिय दाता समुदायको शान्ति स्थापना गर्ने भूमिकालाई सबल बनाउँनु
२. राष्ट्रिय संगठनहरू र सामाजिक समुहहरूको शान्ति स्थापना गर्ने भूमिकालाई सबल बनाउँनु
३. अनुसन्धान र सम्वादको माध्यमबाट शान्तिपूर्ण पुनर्एकीकरणका निमित्त दीगो सन्यन्त्र निर्माण गर्नु,
४.सकारात्मक शान्ति स्थापना तर्फ अधिजान मदत पुग्ने गरी सामाजिक-राजनीतिक परिवर्तन ल्याउँन राष्ट्रिय र स्थानीय सरोकारवालाहरूकोबीचमा लम्बीय र समानान्तर दुबै प्रकारका संपकहरू निर्माण गर्नु ।

इन्टरनेशनल एलर्टको मूल विश्वास विभिन्न देशका जनताहरूलाई उनीहरूका देशमा उत्पन्न भएको द्वन्द्वको समाधान आफैं पत्ता लगाउँन सहयोग गर्नु हो । इन्टरनेशनल एलर्ट सधैं स्थानीय साझेदारहरूसित मिलेर काम गर्दछ र यसो गर्दा राष्ट्रिय साझेदारहरूको परियोजनाको नेतृत्व गर्ने क्षमता बृद्धि गर्न समेत मदत गर्दछ ।

इन्टरनेशनल एलर्ट
अनाम मार्ग-१८, अनामनगर
पोस्ट बक्स नं. २४११८, काठमाडौं, नेपाल
फोन: +९७७ (०)१ ४२६८४७१
इमेल: nepal@international-alert.org
वेभ साइट: www.international-alert.org

शान्तिका लागि सहकार्य
११७ / ३६ पूजा प्रतिष्ठान मार्ग, पुरानो बानेश्वर
पोस्ट बक्स नं. ११०३३, काठमाडौं, नेपाल
फोन: +९७७ (०)१ ४४८०४०६, फ्याक्स: +९७७ (०)१ ४४७२७९८
इमेल: info@ffp.org.np
वेभ साइट: www.friendsforpeace.org.np